
# शितलहर आकस्मिक प्रतिकार्य योजना, २०७७

## दाङ




# जिल्ला विपद् व्यवस्थापन समिति, दाङ

*( मिति २०७७ मंसिर १९ गते स्वीकृत*

*जिल्ला अपतकालीन कार्य सचालन केन्द्र दाङ*

# बिषय-सूची

१. पृष्ठभुमी........................................................................................२–३
२. साधारण उधेश्य..................................................................................३
३. प्रस्तावना.........................................................................................४–७
५. दाङ्गको जिल्लाको नक्सा......................................................................७
६. जिल्लामा शितलहरको अवस्था.............................................................८
७. कार्य सन्चालन सर्न्दभ.........................................................................८
८. बिपद परिदृष्य तथा योजना अवधारण.....................................................९
९ समन्वय तथा जिम्बवारी.........................................................................९
१०.पुर्व तयारी प्राथमिकता.........................................................................१०
११. न्युनतम तापक्रमको इतिहास.................................................................१०
१२ जनशक्ति परिचालन हुने क्षमता.............................................................१०–११
१३. जिल्लामा रहेको राहत सामग्रीहरुको बिवरण..........................................११
१४. निकायगत भुमिका तथा जिम्बेवारी.......................................................११–१२
१५. प्रतिकार्य बिवरण...............................................................................१३
१६ बिषय गत क्षेत्रका अगुवा तथा सदस्य बिवरण .......................................१३–१५
१७. शितलहरबाट जोखिम न्युनिकरण गर्ने सुचना...........................................१५
१८. स्थानीयतहका सम्पर्क न.हरु.................................................................१६-१९

# शितलहर आकस्मिक प्रतिकार्य योजना, २०७७

## १. पृष्ठभुमी

नेपाल निरन्तर दोहोरिरहने बहु–प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्को अत्यधिक जोखिममा रहेको मुलुक हो ।नेपालमा प्रत्येक वर्ष बाढी, पहिरो, चटयाङ्ग, आगलागी, सडक दुर्घटना तथा महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुले गर्दा जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू–बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, चटयाङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । त्यसै गरी नेपाल सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट प्रभावित छ ।

नेपालको तराई भु.भागमा जाडोको अत्याधिक नकारात्ममक असर पर्दछ । जाडो तथा शितलहरले प्रत्येक वर्ष हजारौं मानिसहरुलाई प्रभावित गर्दछ । धुलोको कणहरु सहित जाडोको तरंगले हावालाई चिसो पर्दछ । हाम्रो पछिल्लो अनुभवका अनुसार विशेष गरि जाडो पुष महिना देखि मध्य माघ महिना सम्म हुनेगरेको पाइन्छ । जमिन सतहवाट २०० देखि ४०० मिटरसम्म ढुसी तथा तुवालोले ढाक्दछ सो कारण विहानमा कम दृष्यता रहन्छ र तापक्रम न्यून हुदैं जान्छ । तापक्रम १० देखि १५ डिग्री सेल्सियससम्म कम हुदै जादा धेरै जस्तो मानिसहरु हाइपोथर्मीयाका कारण मृत्यु वरण गर्न पुग्दछन । (Source: Meteorological Forecasting Division)

जाडोयामको समयमा खास गरी तराईका जिल्लाहरुमा चिसो तथा शितलहरबाट मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष स्वास प्रस्वास, रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य सम्बन्धि समस्याबाट धेरै मानिसहरु विरामी पर्ने र केही व्यक्तिको मृत्यु समेत हुने गरेको छ । पशुपन्छी, असमेत अन्नबाली प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि जाडोयामको समय भइसकेको छ । दाङ जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र बातावरणमा आउने परिवर्तनबाट शितलहर सुरु भैसकेको अवस्था छ ।यस वाट विशेष गरी बाल बालीका, जेष्ठनागरीक, सुत्केरी, गर्भवतीहरुलाई प्रत्यक्ष प्रभाव पर्न सक्ने हुँदा उक्त जोखिमलाई न्यूनिकरण गार्न, आवश्य श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, शीतलहर प्रभावित परिवारलाई पुऱ्याउने उद्धार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागि यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समितिले निर्माण गरेको छ ।

सरोकारवाला निकाय, स्थानीय तह, जिल्ला स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा मानवीय सहयोगी संघ सस्थाहरु तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरुलाई समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने ।

समर्गमा यस जिल्लाको शीतलहर आकस्मिक कार्य योजना सबै बिषयगत क्षेत्र (Cluster Approach) को नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरु, स्थानिय तह बिषयगत शाखाहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धि कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई Cross Cutting Issues का रुपमा लिई कार्य गर्नुपर्नेछ । चिसो मौसमसँगै कोभिड-१९ को पनि संक्रमणमा बृद्धि हुनसक्ने अध्ययनले देखाएकोले शीतलहरको बेला अध्याधिक चिसो बढने र चिसोको कारणले कोरोना संक्रमितहरुको सँख्या बढन सक्ने अवस्थालाई मध्यनजर राख्दै बिभिन्न रोकथाम तथा नियन्त्रणका प्रयासहरु गर्नुपर्ने देखिन्छ ।

**कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका पूर्वतयारी प्रयासहरु :**

- ❖ बिभिन्न समितिहरु गठन गरि आवश्क्तानुसार निर्णय निर्माण र कार्यान्वयन ।
- ❖ कोभिड १९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्थासँग सम्बन्धित निर्णयहरु जस्तैः लकडाउनसँग सम्बन्धित निर्णय, उच्च जोखियूक्त क्षेत्र सिल गर्ने निर्णय, क्वारेन्टाईन, आइसोलेसन अस्पताल र सेन्टर व्यवस्थापन र उपचारसँग सम्बन्धित निर्णयहरु गरि कायान्वयन गर्ने र निरन्तरता दिने आदि ।
- ❖ भारतबाट फर्केका नागरिकहरुलाई तत्काल समुदायमा घुलमिल नहुन दिने गरी सम्बन्धित स्थानीय तहहरुमा निर्माण गरिएका क्वारेन्नटाईनमा राखि परिक्षण गर्ने गरेको र सो कार्यलाई निरन्तरता दिने ।
- ❖ Case Investigation Team, Contact Tracing Team गठन गरी कार्य सम्पादन र निरन्तरता ।
- ❖ हालसम्म २२२०० जनाको पिसिआर बिधिबाट परीक्षण गरिएको र को कार्यलाई निरन्तरता दिन सरोकारवाला निकायहरु, स्वास्थ्य, स्थानिय तहहरुलाई सहयोग र सहजिकरण । परिक्षण गरिएका मध्ये २८९५ जना संक्रमित देखिएको २५१० जना निको भई घर फर्किएको र ३५ जनाको मृत्यू भएको ।
- ❖ जिल्लाको धार्मिक सम्बेदनशीलतालाई मध्यनजर गरी धार्मिक सदभाव कायम राख्दै कोभिड १९ रोकथाम र नियन्त्रणमा धार्मिक सदभाव समिति निर्माण गरी धर्मगुरुसँग समेत समन्वय र परिरचालन गर्ने ।
- ❖ यस जिल्लामा कार्यरत बिभिन्न गैरसरकारी निकायहरुको समन्वयमा सहयोग व्यवस्थापन, खानेपानी तथा सरसफाइ सम्बन्धि कार्य भैरहेको ।
- ❖ कोभिड-१९ संक्रमित व्यक्तिहरुको स्वास्थ्य उपचार तथा अन्य व्यवस्थापनकालागि तत्कालै स्थानिय तह, सुरक्षा निकायहरुसँग समन्वय गरि आइसोलन केन्द्रमा आवश्यकक्तानुसार व्यवस्थापन गर्ने ।

## २ साधारण उद्देश्यः

क। शीतलहरबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गरी सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने ।

ख। विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुने पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने ।

ग। श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद व्यवस्थापन समिति ,स्थानिय तहा सवै मिलि विपद् प्रतिकार्यमा सम्लग्न हुने ।

घ। आपत्कालीन प्रतिकार्यका लागि प्रभावकारी प्रवेश, परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानिय तहमा गठित स्थानिय विपद व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने ।

# ३. प्रस्तावना

## दाङ जिल्लाको जानकारी (Introduction of Dang District)

### *भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक र प्रशासनिक विभाजन*

दाङ जिल्ला नेपाल राज्यको पाँच नम्वर प्रदेशमा अवस्थित छ। यस जिल्लाको जिल्ला सदरमुकाम घोराही हो। नेपाल सरकारको स्थानीय पुर्नसंरचना नीति अनुरुप यस जिल्लामा हाल १० वटा स्थानीय तह रहेका छन्, जसमा २ वटा उपमहानगरपालीका, १ वटा नगरपालीका र ७ वटा गाउँपालिकामा १०० वटा वार्डहरु रहेका छन्। यस जिल्लाका पहाडी भूभाग अन्तर्गत चुरे पर्वतीय क्षेत्रमा केही स्थानीय तहका वार्डहरु रहेका छन् भने अधिकांश क्षेत्र समथर भुभागमा अबस्थित रहेकोछ। विश्व मानचित्रमा २७°३६' देखि २८°२९' अक्षांश र ८२°२' देखि ८२°५' देशान्तरको बीचमा रहेको छ।यस जिल्लाको सरदर लम्बाई पूर्व पश्चिम ९० कि.मी. र उत्तर-दक्षिणको चौडाई करिब ७२ कि.मी. रहेको छ। यस जिल्लाको उत्तरमा सल्यान, रोल्पा र प्युठान जिल्ला, दक्षिणमा भारत, पुर्वमा कपिलवस्तु र अर्घाखाँची जिल्ला साथै पश्चिममा सुर्खेत र बाँके जिल्ला पर्दछन्। यस जिल्लालाई राजनीतिक,प्रशासनिक तथा विकासको दृष्किोणबाट १० वटा स्थानीय तहमा विभाजन गरिएको छ।

### *भू-क्षेत्र र जमिनको बर्गीकरण*

यो जिल्ला समुद्री सतहबाट २१३ मिटरदेखि २०५८ मिटर उचाईसम्मको भू-भागमा रहेको छ। यस जिल्लाको कुल क्षेत्रफल २,९५,५०० हेक्टर अर्थात २,९५५ वर्ग किलोमिटर छ। कुल भू-क्षेत्रमध्ये चरिचरन १२,९५० हेक्टर, अनुत्पादित २०,४४५ हेक्टर, कृषि ६९९५० हेक्टर र वन १,९२,९५५ हेक्टर रहेको छ। समुन्द्री सतहबाट २१३ मिटर देखि २०५८ मिटरसम्मको उचाइमा रहेको छ।

### माटोको बनावट र उर्वराशक्ति र संभाबित भु-क्षयको क्षेत्र

दाङ जिल्लाको कुल क्षेत्रफलमध्ये ६९ हजार ९ सय ५० हेक्टर अर्थात २३.७ प्रतिशत जमिन खेतियोग्य रहेको छ। जसमध्ये हाल ५७,८२७ हेक्टर भूमिमा मात्र सिंचाई सुविधा पुगेको र बाँकी कृषि भूमिले आकासे वर्षामा नै निर्भर रहनुपर्ने अबस्था छ। राप्ती नदीहरूका साथै चुरे पहाडबाट उत्तर र दक्षिणतिर बग्ने वर्षे खोलाहरूले वर्षेनी यस जिल्लाको धैरै उव्जाउ भूमि कटान गरिरहेका छन्। साथै केही स्थानहरूमा वालुवाकरण हुँदै मरुभूमिकरण हुने र भू-स्खलन हुने कारणले पनि यस जिल्लाको माटोको बनावटमा दिन प्रतिदिन परिवर्तन आइ उर्वरभूमि घट्दै गएको छ। यस जिल्लाको उत्तरतर्फको भू-भाग भावर र चुरे पर्वत श्रृङ्खलामा पर्ने भएको कारणले भिरालो किसिमको छ। भिरालो भएको कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छन् भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको बालुवा, गेग्यानहरू समथर क्षेत्रको भूमिमा ल्याई थुपारी दिने गर्दछन्। जसले गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुँदै गएका छन्। राप्ती नदी तथा चुरे पहाडबाट उत्तर दक्षिणतिर बग्ने वर्षे खोलाहरूबाट बाढीको प्रकोप पर्ने गरेको छ। बाढीको मारमा देउखुरी क्षेत्रका लमही नगरपालिका, राजपुर, गढवा र राप्ती गाउँपालिका समुदायमा हरेक वर्ष भू-क्षय, कटान तथा बाढीको चपेटामा पर्ने गरेका छन्। २०७१ साउनको अन्तिम साता बबई नदी र यस प्रणाली अन्तर्गतका नदीहरुमा आएको बाढी बबई तटीय क्षेत्रका समुदायमा भएको मानवीय तथा भौतिक क्षति तथा २०७३ श्रावण १० र ११ गते आएको राप्ती नदीको बाढीले देउखुरी क्षेत्रमा अवस्थित साबिकका गाबिसहरु डुवानमा पारेको र १ जनाको मृत्यु भएको थियो। २०७४ श्रावण २८,२९ र ३० गते आएको बाढीले बवई तटिय क्षेत्र र यस अन्तर्गतका सहायक नदिको तटिय क्षेत्रमा रहेका समुदाय नराम्ररी प्रभावित भएका थिए भने ३५९ घर पूर्ण क्षती, २८२ घर आंशिक क्षति ७ जनाको मृत्यु, २ जना घाईते र १ जना बेपत्ता रहेको थियो। प्रत्येक बर्ष देउखुरी क्षेत्रका बस्तीहरु बाढीको उच्च जोखिममा रहेका छन् भने साविक धर्ना, त्रिपुर नपाको बबई क्षेत्र, डुरुवा, फुलबारी, गोल्टाकुरी, तुलसीपुर नपाको बबई तटीय क्षेत्र श्रीगाउँ, धनौरी, पञ्चकुले र पुरान्धारा लगायतका समुदायहरु बवई नदी र सोसँग मिसिन आउने सहायक खोलाहरु कारण बाढीको उच्च जोखिममा रहेका छन्।

## हावापानी, जलवायु बनस्पती तथा बन्यजन्तु

दाङ जिल्लाको जलवायु समशितोष्ण मनसुनी किसिमको भएकोले गर्मीयाममा दिउँसो मरुभूमिबाट बहने लू (रांके) चलेर यहाँको अधिकांश क्षेत्रका जनजीवनलाई निकै असहज तुल्याउँछ भने जिल्लाको उत्तरी क्षेत्रको चुरे पहाडको केही भागमा मात्र गर्मी कम हुन्छ । हिउँदमा पनि यस जिल्लामा राम्रोसँग घाम नलाग्ने र शीतलहर चल्ने कारण अति जाडो हुने भएकोले यहाँको बसोबास प्रायः वर्षैभरी कष्टदायक हुन्छ । यहाँको तापक्रम अधिकतम ४०.० डिग्री सेल्सियससम्म पुग्ने गर्दछ भने जाडो याममा न्यूनतम ० डिग्री सेल्सियससम्म झर्ने गरेको पाइन्छ । सापेक्षिक आद्रता २७ प्रतिशतदेखि ९४ प्रतिशतसम्म र औषत वर्षा बार्षिक १७ मिलिमिटरसम्म हुने गरेको छ । यस दाङ जिल्लामा पाईने वनस्पतिमा साल, साज, बाँझ, सिसौ, खयर, घनेरो, सिमल र सल्लो तथा वन्यजन्तुमा चितुवा, स्याल, हरिण, ब्वाँसो, खरायो चराहरु, मयुर, कालीज, लुइँचे आदि रहेका छन् । श्रोतः *जल तथा मौषम विज्ञान विभाग*

## *जनसंख्याको आकार, बृद्धिदर, घनत्व तथा देश बाहिर रहेको जनसंख्या*

२०५८ सालको जनगणना अनुसार यस जिल्लाको कुल जनसंख्या ४ लाख ६२ हजार ३ सय ८० जना रहेको थियो भने २०६८ सालमा यस जिल्लाको कुल जनसंख्या ५ लाख ५२ हजार ५ सय ८३ पुगेको छ । यी दुई जनगणना बर्षको बृद्धिदरलाई आधार मान्दा २०७२ असारमा यस जिल्लाको जनसंख्या ५ लाख ९२ हजार पुगेको छ । यस जिल्लाको जनघनत्व २०६८ को जनसंख्याको आधारमा जनघनत्व प्रतिबर्ग किमी १ सय ८७ जना रहेको छ भने यस जिल्लाका ४३ हजार १ सय ६० युबा जनसंख्या जनगणनाको अवधीमा देश बाहिर रहेको अवस्था छ । हालै थपिएका दुई नगरपालिकाका कारण दाङ जिल्लाको शहरी जनसंख्या ४० प्रतिशतको हाराहारीमा पुगेको छ ।

उल्लेखित विषयवस्तुहरूबाट जनसंख्या सम्बन्धी केही अवस्थाको आँकलन भएपनि बिपद्को अवस्था थाहा पाउनका लागि यो जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई बिपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

## *नयाँ संरचना अनुसारका उमनपा,नपा, गाउँपालिकाको जनसंख्या विवरण :*

| क्र.स. | विवरण | जनसंख्या | | | | क्षेत्रफल (बर्ग किमि) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| १ | तुलसीपुर उमनपा | ३१२६२ | ६७८०४ | ७५०६५ | १४२८६९ | ३७१.९ | |
| २ | घोराही उमनपा | ३५४५२ | ७४६५३ | ८३९७५ | १५८६२८ | ५०४.७ | |
| ३ | लमही नगरपालिका | ९४३८ | २३१४० | २४८७२ | ४८०१२ | ३१५.४ | |
| ४ | राजपुर गाउँपालिका | ४४७६ | १२२७५ | १२७८६ | २५०६१ | ५५६.८ | |
| ५ | गढवा गाउँपालिका | ७२७१ | १८५६० | २०१०३ | ३८६६३ | ३४५.६ | |
| ६ | राप्ती गाउँपालिका | ८०५८ | १९६४१ | २१३०८ | ४०९४९ | १५५.४२ | |
| ७ | बंगलाचुली गाउँपालिका | ४७३० | १०८७९ | १३३६६ | २४२४५ | २३६.७८ | |
| ८ | बवई गाउँपालिका | ५९४५ | १२५२९ | १४९४० | २७४६९ | २४९.१ | |
| ९ | शान्तिनगर गाउँपालिका | ५३२८ | ११५९५ | १३६०८ | २५२०३ | ११२.३ | |
| १० | दंगीशरण गाउँपालिका | ४४५५ | ९९८३ | ११५०१ | २१४८४ | १०७ | |
| **जम्मा** | | **११६४१५** | **२६१०५९** | **२९१५२४** | **५५२५८३** | **२९५५** | |

*श्रोत : दाङ जिल्लाको गाँउपालीका/नगरपालीका प्रोफाईल,२०७४*

### *बितगका २ जनगणनालाई आधारमानी तयार गरिएका केही आँकडाहरु :*

| सि.नं. | विवरण | २०५८ को अवस्था | २०६८ को अवस्था |
|---|---|---|---|
| १. | महिलाको जनसंख्या | २,३३,४२२ | २९१५२४ |
| २. | पुरुषको जनसंख्या | २,२८,९५८ | २६१०५९ |
| ३. | जम्मा जनसंख्या | ४,६२,३८० | ५५२५८३ |
| ४. | लैगिक अनुपात | ९८.०९ | ८९.५४ |
| ५. | परिवार संख्या | ८२,४९५ | ११६४१५ |
| ६. | औषत परिवार संख्या | ५.६० | ४.७५ |
| ७ | वार्षिक जनसंख्या वृद्धि | २.६६ | १. ७८ प्रतिशत |
| ८. | जनसंख्या दोब्बर हुन लाग्ने अवधि | २६ | ३९ बर्ष |
| ९. | जनघनत्व | १५६ | १८७ प्रति बर्ग कि.मी. |
| १०. | शहरी जनसंख्या | १६.६५ | ४०.५३ प्रतिशत |
| ११. | ग्रामीण जनसंख्या | ८३.३५ | ५९.४७ प्रतिशत |
| १२ | ०-४ अर्थात ५ वर्ष मुनीको जनसंख्या | ६७६०३ | ५३४७४ अर्थात ९.६८ प्रतिशत |
| १३ | ०-१४ (१५ बर्ष मुनीको जनसंख्या) | १९३३६८(४१.८२) | १९९४१२ अर्थात ३६.०९ प्रतिशत |
| १४ | १५-५९ उमेरको जनसंख्या | २४८१२९ (५३.६६) | ३१६१७३ अर्थात ५७.२२ प्रतिशत |
| १५. | ६० वर्ष वा माथिको जनसंख्या | २०८८३ ( ४.५२) | ३६९९८ अर्थात ६.७० प्रतिशत |
| १६ | विदेशी मुलुकमा जाने जनसंख्या | १६,२२४ | ४३१६० |
| १७ | अपाङ्गको जनसंख्या | २,४५६ | १२८८१ अर्थात २.३३ प्रतिशत |

*श्रोतः- राष्ट्रिय जनगणना, २०५८ तथा २०६८ को नतिजा*

### *जिल्लामा विद्यमान स्वास्थ्य सेवाको अवस्था*

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही १ (१०० शैया) । राप्ती अञ्चल अस्पताल, तुलसीपुर १ (५० सैया), लमही अस्पताल १५ शैया, प्राथमिक स्वास्थ्य केन्द्र २ वटा,स्वास्थ्य चौकी ३६ वटा,राप्ती आँखा अस्पताल तुलसीपुरमा १ र लमहीमा १ गरी २ वटा,आयुर्वेदिक चिकित्सालय १, आयुर्वेद अञ्चल अस्पताल १ र आयुर्वेद औषधालय २ वटा तथा निजि अस्पताल १० वटा रहेका छन् ।

जिल्लामा स्वास्थ्य सेवाको अवस्था हेर्दा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २२, राप्ती अञ्चल अस्पतालमा ७, जिल्ला जनस्वास्थ्य अन्तर्गत ३, आयुर्वेद चिकित्सालय तथा अञ्चल अस्पतालमा ३, राप्ती आँखा अस्पतालमा १, परिवार नियोजन संघमा १, गरी ३७ डाक्टर उपलब्ध छन् । यसलाई प्रक्षेपित जनसंख्या ५८७९२४ लाई भाग लगाउँदा प्रति चिकित्सिकले १५ हजार ९ सय जना व्यक्तिलाई सेवा दिनुपर्ने अवस्था छ । यद्यपी यो समानुपातिक छैन बढी शहर केन्द्रित छ । जिल्लाको परिवार नियोजन साधन प्रयोग दर ५४ प्रतिशतभन्दा माथि रहेको छ । ५२ प्रतिशत प्रसुति दक्ष स्वास्थ्यकर्मीबाट हुने गरेको छ, यस्तै प्रतिबर्ष ५ आमाको प्रसुतिजन्य जटिलताले मृत्यु भइरहेको छ ।

### *जिल्लाको सडक सञ्जालको अवस्था :*

जिल्लाको २ उमनपा, १ नपा र ७ वटा गाउँपालिकहरु सडक सञ्जालले छोएका छन् । सडक डिभिजन कार्यालयका अनुसार दाङ जिल्लाको सडक डिभिजन अन्तर्गतको ७ सय ९२ किमीमध्ये २५१ कि.मी. सडक पिच भएको छ । यस्तै ३ सय ५५ किमी ग्राभेल र १ सय ८६ किमी सडक कच्ची रहेको छ । यसबाहेक जिल्ला अन्तर्गतका केही सडक पनि पिच भएका छन् । जिल्ला सडकको क्षेत्रसमेतलाई जोड्दा र स्थानीयस्तरका सडकहरुसमेत जोड्दा यो क्षेत्रफल धेरै रहेको छ । यस जिल्लामा मध्यपश्चिम सडक डिभिजन अन्तर्गत २० वटा सडक रहेका छन् । जिल्ला प्राविधिक कार्यालयले जिल्लाका ९ वटा सडकलाई राष्ट्रिय तथा फिडर सडक भनि छुट्टाएको छ भने जिल्लाका २४ वटा सडकलाई ए, २२ वटा सडकलाई बी र स्थानीय तहका २४ सडक भनि वर्गिकरण गरेको ५ ।

*खानेपानी तथा सरसफाइ :*

यस दाङ जिल्लाको कुल जनसंख्याको ७७.५० प्रतिशत जनसंख्या अर्थात शुद्ध खानेपानी सुबिधा पाएको जनसंख्या ४ लाख २८ हजार २ सय जना रहेका छन्। सरसफाई सुबिधा भने जिल्लाका सबै घरधुरीमा पुगेको छ।


*बिद्युतीकरण तथा सञ्चारको अवस्था :*

यस जिल्लाको सबै स्थानीय तहमा विद्युतिकरण सेवा पुगेको छ। साबिक सैघा गाविसको केही स्थानमा बिस्तारको कार्य भइरहेको छ भने दुर्गम क्षेत्रमा सोलारलगायत अन्य बैकल्पिक सेवाबाट उज्यालो सेवा लिइरहेको अवस्था छ। वि.सं.२०७५ सालभित्रमा सबै क्षेत्रमा बिद्युतको पहुँच पुर्‍याउने लक्ष्य सहित विद्युतीकरणलाई विकासको एक सूचकको रुपमा लिइनुका साथै यसले अन्य सबै क्षेत्रको विकासलाई समेत बढावा दिनमा मद्दत पुर्‍याउँदछ।

दाङ जिल्लाका सबै गापा/नपाहरुमा टेलिफोन सुविधा पुगेको छ। यस जिल्लामा आ.व.२०७५/७६ सम्ममा नेपाल टेलिकमबाट ल्याण्डलाइन फोन, मोबाइल, स्काइफोन तथा सी.डी.एम.ए लगायत ४ लाख १६ हजार १ सय ९९ लाइनभन्दा बढी फोन लाइन वितरण गरिएको छ। हेलो र एनसेलले वितरण गरेको संख्या जोड्दा यो संख्या अलि धेरै हुन आउँछ। तथापी यी फोन अन्य जिल्लामा पनि उपयोग हुने तथा एकै व्यक्तिले धेरै उपयोग गर्ने गरेको समेत पाइएको छ। जिल्लामा ७ राष्ट्रिय दैनिक, ७ वटा साप्ताहिक, स्थानीय टेलिभिजन ७ वटा र १६ वटा एफएम रेडियो सञ्चालनमा छन् भने रेडियो नेपालको प्रादेशिक संरचना स्थापना भएको छ।

यस दस्ताबेजले जिल्ला विपद् व्यवस्थापन समितिी दाग र स्थानिय तहले ठूलो विपद्को समयमा पुरा गर्नुपर्ने कार्यहरुको व्यावहारिक चित्र प्रदान गर्ने प्रयास गरेको छ । यो एउटा साधारण योजना जुन शीतलहरको समयमा प्रयोग गर्न सकिन्छ । तथापी निश्चित अवस्थालाई मध्यनजर गरी तयार गरिएको छ । यस योजनामा प्रतिकार्य योजना पूरा गर्नका लागि अपनाइने चरणहरुको विस्तृत रुपमा ब्याख्या गरिएको छ ।

## ४ दाङ जिल्लाको नक्सा



## ५. जिल्लामा शीतलहरका अवस्था

तराईका जिल्लाहरूमा हिउँदको महिना खासगरी मंसिर देखि माघ सम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ । चिसोबाट केटाकेटी र बृद्धबृद्धा, गरीब परिवार शीतलहरको उच्च जोखिममा रहेका छन। दाङ जिल्लामा विगत लामो समय देखि जाडो याममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानिय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्य गैरसरकारी सस्थाहरुले वढि प्रभावित क्षेत्रहरु तथा चोक चोकमा आगो वाल्नका लागि दाउरा सहयोग गर्दै आएको छ । जिल्लामा देउखुरी क्षेत्रमा शितलहरको जोखिममा रहेका व्यक्तिहरुलाई न्यानो कपडा तथा कम्मल दिने गरेको छ । यस वर्ष पनि देउखरी क्षेत्रमा ४ वटा स्थानीय तह लमही नगरपालीका राप्ती गाउपालीका राजपुर गाउपालीका गढवामा गाउपालीका २९२४३ घर परिवार यस जाडोबाट प्रभावित हुनसक्ने आकलन गरिएको छ ।

## ६. कार्य सञ्चालनको सन्दर्भः

### शीतलहरवाट प्रभावित हुन सक्ने क्षेत्रहरुः

दाङ जिल्लाको देउखुरी क्षेत्र सितलहरबाट पभावीत हुने क्षेत्रमा पदछ जसमा ४ वटा स्थानीय तहहरु रहेको छ लमही नगरपालीका गढवा गाउपालीका राप्ती गाउपालीका राजपुर गाउपालीका रहेको छ ।

| क्र.स. | विवरण | जनसंख्या | | | | क्षेत्रफल (बर्ग किमि) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | | |
| १ | लमही नगरपालिका | ९४३८ | २३१४० | २४८७२ | ४८०१२ | ३१५.४ | |
| २ | राजपुर गाउँपालिका | ४४७६ | १२२७५ | १२७८६ | २५०६१ | ५५६.८ | |
| ३ | गढवा गाउँपालिका | ७२७१ | १८५६० | २०१०३ | ३८६६३ | ३४५.६ | |
| ४ | राप्ती गाउँपालिका | ८०५८ | १९६४१ | २१३०८ | ४०९४९ | १५५.४२ | |
| जम्मा | | २९२४३ | ७३६१६ | ७९०६९ | १५२६८५ | | |

**नोटः** क) शीतलहर स्तरिकरण सो क्षेत्रमा रहेका गरिबी, विपन्नता, समुदायको जीवनशैली, प्राकृतिक स्रोत साधनको पहुँच र उपलब्धता आदिको आधारमा गरिएको छ ।

ख) लक्षित परिवार संख्या सम्बन्धित पालिकाको तथ्याङ्क अनुसार राखिएको छ .

*४.२ पहुचः*

दाङ जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउदा शीतलहरको समयमा देउखुरी क्षेत्र मुख्य राजमार्ग भएकोले एक ठाउँ देखि अर्को ठाँउसम्म जादा निकै कठिन हुने गरेको पाइएको छ ।

क। शीतलहरको समयमा जिल्लाका देउखुरी क्षेत्रका स्थानहरुमा बाक्लो हुस्सु तथा शीतलहरका कारण भिजिविलिटि कमि भई सडक दुर्घटना हुने यातायातको साधान प्रयोग गर्दा त्रासको महसुस हुने गरेको छ।

ख। अत्याधिक चिसोको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था देखीएको छ ।

ग। निस्कन बृद बृदा केटाकेटी गर्भवती महिला अपागता भएकाहरु जेखिममा हुने गरेको छ ।

घ : संकटासन्नता समुदायका नागरीकहरु बढि प्रभाबित हुने विगतको तथ्याँक रहेको छ ।

## ७. बिपद् परिदृश्य तथा योजना अवधारणाहरुः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट प्रभावित जिल्लाको सूचीमा दाङ पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शिललहर, हावाहुरी, जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ ।शीतलहर नियमित भइरहने विपद भएकोले समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ । त्यसैले जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपत्कालीन समयमा मानव जीवनको रक्षा र महत्वपूर्ण सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद व्यवस्थापन समिति दाङले (Cold Wave Contingency Plan) तयार गरी जिल्लाका महत्वपूर्ण दस्तावेजको रुपमा स्वामित्व ग्रहण गरेको छ ।

विपद्को समयमा विपद् प्रभावितको जीवन र बहुमूल्य सम्पत्तिको संरक्षण तथा सुरक्षा गरी मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न दाङ जिल्लाको साधन स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबद्र्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## ८. समन्वय तथा जिम्मेवारीः

क। जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भएवमोजिमका क्षेत्रगत क्षेत्रमा सम्वन्धित सवैले कार्ययोजना तयार पारी शितलहरको पुर्वतयारी तथा प्रतिकार्यमा तयार रहने ।

ख। शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिलालाई प्राथमिकता दिने

ग। शीतलहरको प्रभावबाट सुरक्षीत राख्ने उपायहरुको सम्वन्धिमा स्थानिय विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेतलाइ जोखिम न्यूनिकारण गर्नको लागी अनुरोध गर्ने ।

घ। विपद्को समयमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाज विच समन्वय कायम गर्ने ।

ङ। नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्ने र पृष्ठपोषण दिने

च। शीतलहरबाट वढी प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागि अगुवा सहयोगी संस्था (DLSA) को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्न लगाउने ।

छ। जाडोयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।

ज। शीतलहरबाट सुरक्षित रहनका लागि तपसिल बमोजिमका सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानिय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानिय गैरसरकारी निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

## ९. पूर्वतयारी प्राथमिकताः

क। बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने
ख। जिल्ला भित्रका सबै स्थानीय तहका विपद व्यवस्थापन समितिहरुले जनचेतनामुलक कार्य गर्ने ।
ग। जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुमा शीतलहर पूर्वतयारी कार्यशाला संचालन गर्ने
घ। विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने
ङ। स्थानी तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने ।
च। विषयगत समितिहरुको नियमित बैठक गर्ने
छ। जिल्लामा थप ३ हजार न्यानो कपडा सेट व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने
ज। सवै स्थानीय तह तथा सोरोकारवाला निकाय संग समन्वय गरी आवश्यक पर्ने दाउरा पहिले नै जोहो गरी राख्ने ।
झ। स्थानीय एफ.एम. हरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने ।

## १०. न्युनतम तापक्रमको इतिहास

क) दाग जिल्ला घोराही मौसममापन केन्द्रका अनुसार हालसम्म न्यूनतम तापक्रम भएका वर्षहरु

| क्रस | वर्ष | तापक्रम |
|---|---|---|
| १ | २०१० | ४.५ डिग्री सेल्सियस |
| २ | २०११ | ३.२ डिग्री सेल्सियस |
| ३ | २०१२ | २.५ डिग्री सेल्सियस |
| ४ | २०१३ | ३.८ डिग्री सेल्सियस |
| ६ | २०१४ | ४.५ डिग्री सेल्सियस |
| ७ | २०१५ | ४.० डिग्री सेल्सियस |
| ८ | २०१६ | ३.६ डिग्री सेल्सियस |
| ९ | २०१७ | २.३ डिग्री सेल्सियस |
| १० | २०१८ | ०.१ डिग्री सेल्सियस |
| ११ | २०१९ | ३.५ डिग्री सेल्सियस |

## ११. जनशक्ति परिचालन हुने क्षमता

| क्र.स. | निकाय | स्वय सेवक | स्वास्थ्यकर्मी | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय | १०० | १० | |
| २ | सशस्त्र प्रहरी वल नेपाल | १०० | १० | |
| ३ | नेपाली सेना | १०० | १० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | लमहि नगरपालिका | ० | ५ | |
| ५ | गढवा गाउपालिका | ० | ५ | |
| ६ | राजपुर गाउपालिका | ० | ५ | |
| ७ | राप्ती गाउपालिका | ० | ५ | |
| ८ | नेपाल रेडक्रस सोसाइटी शाखा उपशाखा | १०० | ५ | |
| ९ | अन्य गैर सराकारी संघ सस्था | २०० | २० | |
| जम्मा | | २४०० | ५३ | |

## १२ जिल्लामा रहेको राहत सामाग्री विवरण

| क्र.स. | निकाय | कम्मल | न्यानो कपडा | त्रिपाल | आपत्कालिन कोष |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रसाशन कार्यालय | ० | ० | ० | २,८१,४५,५१५/- |
| २ | लमहि नगरपालिका | ० | ० | ० | १,१७,५६,४९२/- |
| ३ | गढवा गाउपालिका | ० | ० | ० | २,००,००,०००/- |
| ४ | राजपुर गाउपालिका | ० | ० | ० | ११,६६८५७/- |
| ५ | राप्ती गाउपालिका | ० | ० | ० | ६,३७,४६७/- |
| ६ | नेपाल रेडक्रँस सेसाइटी | १०० | ० | १०० | ५,,४५०००/- |
| ७ | लालमटीया उपशाखा | १० | ० | १० | ० |
| ८ | गढवा उपशाखा | १० | ० | १० | ० |
| ९ | दुलैइया उपशाखा | १० | ० | १० | ० |
| १० | सिसा नेपाल | ० | ० | ० | २,००,०००/- |

## १३. निकायगत भूमिका तथा जिम्मेवारी

| क्रसं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समग्र समन्वय तथा नेतृत्व |
| २. | जिल्ला समन्वय समिति | प्रमुख<br>जिल्ला समन्वय अधिकारी | समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन गर्न समन्वय गर्ने । |
| ३. | स्थानीय तहहरु | प्रमुख/अध्यक्ष | आ -आफ्नो स्थानिय तहको नेतृत्वदायी भूमिका निर्वाह गर्ने । विषयगत क्षेत्रसग समन्वय गर्ने ।<br>श्रोत साधन व्यवस्था गर्ने ।तथ्यांक संकलन तथा ब्यवस्थापन । |
| ४. | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | सुरक्षा व्यवस्था गर्ने । उद्धार गर्ने । विषयगत समितिमा रहि सहयोग गर्ने । |

| | | | |
|---|---|---|---|
| ५. | राजनैतिक दलहरू | दलका प्रमुखहरू | समन्वय ।स्रोत संकलनमा सहयोग गर्ने ।जनपरिचालन गर्ने । |
| ६. | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | फोकल पर्सन | सूचना संकलन, समन्वय, संपे्रशण<br>तथ्यांक ब्यवस्थापन |
| ७. | नेपाल रेडक्रस सोसाइटी | सभापति | राहत खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |
| ८. | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने । आ-आफ्नो क्षेत्रको आपत्कालिन योजना निर्माण गरी कार्यान्वयन गर्ने । |
| ९. | उद्योग वाणिज्य संघ/व्यापार संघ | अध्यक्ष | न्यानो कपडा तथा कम्मल सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| १०. | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरु | अध्यक्ष | राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| ११. | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | सहि सूचना संकलन तथा सम्प्रेषण<br>सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १२. | नागरिक समाज | संयोजक | राहत कार्यमा सहयोग तथा समन्वय<br>मानव अधिकारको संरक्षण तथा सम्बर्धनमा सहयोग |
| १३. | पेशागत व्यवसायी समितिहरु | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १४. | गै.स.स.महासंघ/ राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख/प्रतिनिधिहरु | मानवस्रोत परिचालन गर्ने ।स्रोत संकलनमा सहयोग गर्ने ।गै.स.स. वीच समन्वय ।क्षमता विकास तथा सहजिकरण कार्य गर्ने । |

## १४. प्रतिकार्य विवरण

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १. | न्यानो कपडा तथा पोषिलो खाद्यबस्तु व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु, उद्योग वाणिज्य संघ मार्फत न्यानो कपडा व्यवस्थापन, कम्मल लगायत अन्य न्यानो कपडाहरु नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु मार्फत | क्षेत्र अनुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २. | दाउरा व्यवस्थापन | नगरपालिका, गाउँपालिकाहरु, डिभिजन वन कार्यालय तथा सामुदायिक वन महासघ, मध्यवर्ती वन व्यवस्थापन समिति, | चोक तथा घनाबस्तीको पायक पर्ने स्थान |
| ३. | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद जोखिम व्यवस्थापन समिति, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा/उपशाखाहरु र उद्योग वाणिज्य संघहरु | प्रभावित क्षेत्रमा |
| ४. | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघसंस्थाहरु तथा समितिहरु | जिल्लाभर |
| ५. | स्वास्थ्य शिविर | स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाइहरु र अन्य सेवा प्रदायक संघसस्था | प्रभावित क्षेत्रमा |
| ६. | विपद सम्बन्धी सुचना तथा जनचेतना | स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरु, | जिल्लाभर |
| ७. | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र | जिल्लाभर |

## १५. विषयगत क्षेत्रका अगुवा तथा सदस्य विवरणः

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु |
|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति,<br>नेपाली सेना,<br>नेपाल प्रहरी,सशस्त्र प्रहरी वल नेपाल,<br>नेपाल रेडक्रस सोसाइटी |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना,<br>सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, गाउँपालिकाहरु, नगरपालिकाहरु,<br>नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| ३) गैर खाद्य सामग्री र शिविर ब्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ र नेपाल रेडक्रस, दाङ शाखा | सामुदायिक वन उपभोक्ता महासघ,<br>सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी संघ सस्थाहरु बन डिभिजन कार्यालय गैसस महासघ स्थानीय तह अपाङ्ग मानवधिकार सरोकार मन्च |
| ४) खाद्य तथा कृषि | कृषि ज्ञान केन्द्र सम्पर्क कार्यलय, | खाद्य अधिकार सन्जाल सिसा नेपाल बेस ओरेक आई एन एफ खाद्य सस्थान |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | युनिसेफ सिसा नेपाल मानव कल्याण तथा बाताबरण केन्द्र सुहारा स्थानीय खानेपानी समितिहरु सुहारा |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला बालबालीका तथा सामाजिक शाखा वालकल्याण समिति<br>नेपाल प्रहरी, जि.स.स.<br>सिसा नेपाल ओरेक नेपाल रेडक्रस सोसाइटी,<br>दलित महिला संघ<br>, ओरेक नेपाल नेपाल महिला सामुदायीक सेवा केन्द जिल्ला प्रहरी महिला सेल जिल्ला स्वास्थ्य कार्यालय |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय | जिल्ला अस्पताल, स्थानीय विपद् ब्यवस्थापन समिति (स्वास्थ्य शाखा ), जिल्ला समन्वय समिति<br>सरकारी स्वास्थ्य सेवा प्रदायक<br>निकायहरु, सामुदायिक स्वास्थ्य केन्द्रहरु,<br>औषधि व्यवसाय समिति आँखा अस्पताल |
| ८) आपत्कालिन शिक्षा | शिक्षा विकास तथा समन्वय इकाइ | सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु, जिल्ला समन्वय समिति<br>प्याब्सन, एन प्याब्सन सहयोग समाज नेपाल |
| ९) पुनःस्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, | डिभिजन वन कार्यालय,<br>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्ग,<br>नेपाल विद्युत प्राधिकरण, |

| | | |
|---|---|---|
| | संघीय आयोजना कार्यान्वयन | स्थानीय विपद् ब्यवस्थापन समिति (प्राविधिक शाखा )<br>सा.वन उपभोक्ता समितिहरु,<br>नेपाल टेलिकम,<br>जिल्लामा कार्यरत अन्तराष्ट्रिय गैससहरु,<br>नेपाल रेडक्रस सोसाइटी |

## १६. शीतलहरबाट जोखिम न्यूनिकरण गर्ने सुचना मुलक सन्देशहरुः

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौ ।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नविताऔ ।
- रातको समयमा न्यानो सिरक, कम्मल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने ।
- शीत लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोवाट जोगाउने ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो खाने झोलिलो खाकुराहरु खाने ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने ।
- शीतलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने ।
- चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने ।
- चिसोका कारण पुशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने ।
- कोठा भित्र आगो वाली तातो पार्दा पयाप्रत भेण्टिलेशनको व्यवस्था मिलाउने ।
- यसका अत्तिरिक्त सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार प्रसारका लागि उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिपत्र गर्ने ।
- शीतलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थाप समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा पर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरु वितरणको लागि व्यवस्था मिलाउने ।

## १७ स्थानीय तहका सम्पर्क ब्यत्तिहरु

**नेपाल रेडक्रस सोसाइटीको उपशाखाहरुको सम्पर्क ब्यक्ति तथा नम्बर :**

| क्र.स. | उपशाखाको नाम | सभापतीको नाम | सम्पर्क न. नम्बर | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | लालमटीया उपशाखा | महेश शर्मा | ९८५७८३१६९३ | राप्ती गापा |
| २ | गढवा उपशाखा | दिपक यादव | ९८०९५५७०८२,९८४७९७३०२१ | गढवा गापा |
| ३ | लमही उपशाखा | थानेश्वर गैरे | ९८५७८४००३४ | लमही नपा |
| ४ | दुलहिया उपशाखा | राजकुमार यादव | ९८४७९६८४९२ | राजपुर गापा |

•

**हाल कायम रहेको स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतहरुको सम्पर्क सुचि (उमनपा/नपा/गापा)**

| सि.नं. | स्थानीय तह | नामथर | पद ,तह | मोबाइल नं. | ई-मेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | लमही नगरपालिका | कुल बहादुर के.सी. | मेयर | ९८५७८४२५५५ | lamahinagar@gmail.com ito.lamahimun@gmail.com |
| | | देबका बेल्बासे | उप मेयर | ९८५७८४२४४४ | |
| | | टोपेन्द्र बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८३७१११ | |
| | | गायत्री कुमारी थापा | बिपद फोकल पर्सन | ९८५७८३२२७४ | |
| २ | गढवा गाँउपालिका | सहजराम अहिर यादव | अध्यक्ष | ९८४७८०५८९६ | gadhawagaunpalika@gmail.com ito.gadhawagaupalika@gmail.com |
| | | शान्ति चौधरी | उपाध्यक्ष | ९८१२८३४५६१ | |
| | | लाल बहादुर योगी | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८४१०११ | |
| | | कैलाश चन्द्र चौधरी | बिपद फोकल पर्सन | ९८४७८३६४४२ | |
| ३ | राप्ती गाँउपालिका | नुमानन्द सुबेदी | अध्यक्ष | ९८५७८३२३८९ | raptiruralmunicipality@gmail.com |
| | | जगदम्बा चौधरी | उपाध्यक्ष | ९८४७८३२८१८ | |
| | | शोभराज रिजाल | प्रमुख प्रशासकीय अधिकृत | ९८५७८२२१११ | |
| | | सुभाष भट्टराइ | बिपद फोकल पर्सन | ९८४७८५०९८९ | |
| ४ | राजपुर गाँउपालिका | लोकराज के.सी. | अध्यक्ष | ९८५७८३२०५६ | rajpurmun@gmail.com |
| | | धनपति यादव | उपाध्यक्ष | ९८०९५८२५१० | |
| | | रेमन्त बहादुर डागी | प्रमुख प्रशसकीय अधिकृत | ९८५७८३५२४० | |
| | | मेघ सिह पछाइ | बिपद फोकल पर्सन | ९८५७८३१५०७ | |

**स्थानिय तहहरुमा विपद सम्पर्क व्यक्तिहरुको विवरण**

| वडा नं. | सम्पर्क व्यक्तिको नाम | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| लमही नगरपालीका | | | | |
| १ | नुमराज पौडेल | अध्यक्ष | लमही–१ | ९८५७८४१४०१ |
| २ | नेपालु चौधरी | अध्यक्ष | लमही–२ | ९८५७८४१४०२ |
| ३ | बावुराम चौधरी | अध्यक्ष | लमही–३ | ९८५७८४१४०३ |
| ४ | सुवास न्यौपाने | अध्यक्ष | लमही–४ | ९८५७८४१४०४ |
| ५ | बिम बहादुर केसी | अध्यक्ष | लमही–५ | ९८५७८४१४०५ |
| ६ | गणेशमान चौधरी | अध्यक्ष | लमही–६ | ९८५७८४१४०६ |
| ७ | मोहन गिरी | अध्यक्ष | लमही–७ | ९८५७८४१४०७ |
| ८ | मेघनारायण चौधरी | अध्यक्ष | लमही–८ | ९८५७८४१४०८ |
| ९ | भेष बहादुर चौधरी | अध्यक्ष | लमही–९ | ९८५७८४१४०९ |
| राजपुर गाउपालीका | | | | |
| १ | बिष्णु बहादुर बुण | अध्यक्ष | राजपुर–१ | ९८५७८७०००१ |
| २ | दुर्गा प्रसाद शर्मा | अध्यक्ष | राजपुर–२ | ९८५७८७०००२ |
| ३ | रामछेरे यादव | अध्यक्ष | राजपुर–३ | ९८५७८७०००३ |
| ४ | रामेश्वर अहिर | अध्यक्ष | राजपुर–४ | ९८५७८७०००४ |
| ५ | नरेन्द्र सिह भण्डारी | अध्यक्ष | राजपुर–५ | ९८५७८७०००५ |
| ६ | श्याम रोका | अध्यक्ष | राजपुर–६ | ९८५७८७०००६ |
| ७ | भिम बहादुर खडका | अध्यक्ष | राजपुर–७ | ९८५७८७०००७ |
| गढवा गाउपालीका | | | | |
| १ | बावुराम अधिकारी | अध्यक्ष | गढवा–१ | ९८१२८१२००७ |
| २ | भक्तु चौधरी | अध्यक्ष | गढवा–२ | ९८०६२९२५०१ |
| ३ | तुलसीराम अधिकारी | अध्यक्ष | गढवा–३ | ९८६४९२७१४३ |
| ४ | गुलाम मोजगा मुसलमान | अध्यक्ष | गढवा–४ | ९८४७८४७८९६ |
| ५ | प्रकाश भण्डारी | अध्यक्ष | गढवा–५ | ९८५७८३२६९६ |
| ६ | बाल चन्द्र ठकुरी हमाल | अध्यक्ष | गढवा–६ | ९८४७८४०७३७ |

| | | | | |
|---|---|---|---|---|
| ७ | राहुल देव चौधरी | अध्यक्ष | गढवा–७ | ९८४७८४०६०३ |
| ८ | सददाम सिद्धिकी | अध्यक्ष | गढवा–८ | ९८०६२७८९७७ |
| राप्ती गाउपालीका | | | | |
| १ | तारा बहादुर जि.सी. | अध्यक्ष | राप्ती–१ | ९८५७८४२६७१ |
| २ | जगत बहादुर थापा | अध्यक्ष | राप्ती–२ | ९८४७८४२७७७ |
| ३ | चन्दर चौधरी | अध्यक्ष | राप्ती–३ | ९८०६२४०४६३ |
| ४ | बिष्णु बहादुर जि.सी. | अध्यक्ष | राप्ती–४ | ९८०६२११४४२ |
| ५ | गोवर्धन रावत | अध्यक्ष | राप्ती–५ | ९८४९०८५४२४ |
| ६ | बेद प्रसाद चौधरी | अध्यक्ष | राप्ती–६ | ९८४७८७०१६९ |
| ७ | बिध्याशरण चौधरी | अध्यक्ष | राप्ती–७ | ९८०९८७८२७९ |
| ८ | गोकर्ण बहादुर रानामगर | अध्यक्ष | राप्ती–८ | ९८४७९३१३१२ |
| ९ | रिम बहादुर सुनारी | अध्यक्ष | राप्ती–९ | ९८१०९४७३३० |

जिल्लामा रहेको एम्बुलेन्सहरुको बिवरण

| क.स. | एम्बुलेन्स सेवा संचालन गर्ने निकाय | चालकको नाम | गाढी न. | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | लमही अस्पताल लमही | विरु चौधरी | रा १ झ १०२ | ९८६७४०६७८३ |
| २ | फ्लोरेन्स अस्पताल लमही | सुनिल चौधरी | रा १ च ७८६ | ९८५७८४१४०० |
| ३ | भु =पु सैनिक लमही | जितेन्द्र सुनार | रा १ च ३९ | ९८४७९६८९१२ |
| ४ | विपी पोलिक्लिन =लमही | रोवरसिह कुमाल | रा १ च ८१९ | ९८४७८६१०४२ |
| ५ | हेल्थ केयर लमही | प्रदिप चौधरी | रा १ च ६७५ | ९८६८०४९९०० |
| ६ | कृपा पोलिक्लिनिक लमही | कमल भुषाल | रा १ च ८२५ | ९८५७८४१६०८ |
| ७ | पानस क्लिनिक लमही | महेन्द्र वि क | बा ७ च ५१९१ | ९८४७८१८६७९ |
| ८ | सतवरिया स्वाथ्य चौकी लमही | खिमलाल चौधरी | रा १ झ १२३ | ९८५७८४०९४५ |
| ९ | सिसहनिया स्वाथ्य चौकी लमही | शत्रुधन चौधरी | रा १ झ ४२ | ९८५७८३२७८९ |
| १० | बिष्ट पोलिकिल्निक लमही | सुभास चौधरी | रा १ च ७९४ | ९८५७८४१७०० |
| ११ | लालमटिया रेडक्रस उपशाखा लमही | लिखराम चौधरी | रा १ च ४२९ | ९८५७८४०५८८ |
| १२ | भालुबाङ् स्वाथ्य चौकी /ाप्ती | विर बहादुर वि क | रा १ झ १०८ | ९८१०८५३७०७ |
| १३ | देउखुरी सामुदायक अस्पताल लमही | शिशुपाल चौधरी | रा १ च ३८३ | ९८५७८३१९३७ |
| १४ | भुपु सैनिक लालमटिया = लमही | तिल बहादुर पुन मगर | रा १ च ४४६ | ९८०९८९९६४७ |
| १५ | गढवा स्वाथ्य चौकी गढवा | अर्जित चौधरी | रा १ झ ११० | ९८४४९३०८२३ |
| १६ | गढवा उद्योग बाणिज्य संघ गढवा | देविराम चौधरी | रा १ च ७९७ | ९८५७८४००१२ |
| १७ | गढवा रेडक्स उपशाखा गढवा | प्रसुन चौधरी | रा १ च ८११ | ९८६६९६५५०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | आयम सस्था गढवा | बुद्दीराम चौधरी | रा १ च ७१७ | ९८०९७९२१११ |
| १९ | गंगापरस्पुर स्वाथ्य चौकी गढवा | केदार नाथ चौधरी | रा १ झ ११९ | ९८५७८४००६० |
| २० | गोवरडिया स्वाथ्य चौकी गढवा | विश्वनाथ यादव | रा १ झ ११६ | ९८५७८३२६९४ |
| २१ | राजपुर स्वाथ्य चौकी /ाजपुर | दिल बहादुर पुन | बा २ झ १७२७ | ९८४१४९६४०४ |
| २२ | थारुकल्याणकारी देउखुरी लमही | श्यामनारायण चौधरी | ना अ फ २६६ अन्टेस्ट नं. | ९८०९८०१५२७ |
| २३ | देउखुरी उद्योग बाणिज्य संघ लमही | अविक रोका मगर | रा १ च २८१ | ९८५७८४०१०१ |
| २४ | जयगुरुदेव संघ देउखुरी लमही | जागुराम चौधरी | रा १ च १०६२ | ९८४३२७५१२३ |

# समाप्त